# PENNSYLVANIA का अपराधबाट पीडित व्यक्तिहरू

- तपाईं एक्लै हुनुहुन्न... अपराधबाट पीडित बन्नु धेरै गाह्रो हुन सक्छ । तपाईं ध्यान केन्द्रित गर्न वा कुराहरू सम्झन सक्षम नहुन सक्नुहुन्छ । अपराधबाट पीडित बनेका व्यक्तिका लागि यो सबै सामान्य हो ।

- तपाईंलाई निःशुल्क सेवाहरू प्रदान गर्न सक्ने पीडित पक्षका वकालतकर्ताहरू हुन्छन् । उनीहरू तपाईंका प्रश्नहरूको जबाफ दिन र सहयोगी परामर्श प्रदान गर्न तत्पर हुन्छन् ।
    - आफ्नो काउन्टीमा भएको संस्था पत्ता लगाउन www.pcv.pccd.pa.gov मा जानुहोस् वा तल दिइएको QR कोड स्क्यान गर्नुहोस् र "आफ्नो काउन्टीमा सहयोग खोज्नुहोस्" नामक विकल्प चयन गर्नुहोस् ।

- अपराधबाट पीडित व्यक्तिको रूपमा, तपाईंसँग अधिकारहरू हुन्छन् । कोही पक्राउ र/वा दोषी ठहरिएमा थप अधिकारहरू कसरी प्रयोग गर्ने भन्ने जानकारी सहित फौजदारी न्याय प्रक्रियाका आफ्ना अधिकारहरू हेर्न, र शरण र सुरक्षासम्बन्धी आदेशहरू, आर्थिक सहायता र परामर्श जस्ता तात्कालिक स्रोतहरू कसरी पहुँच गर्ने भनेर जान्न www.pcv.pccd.pa.gov मा जानुहोस् वा तल दिइएको QR कोड स्क्यान गर्नुहोस् ।

- तपाईं घरेलु हिंसाबाट पीडित हुनुहुन्छ भने, तपाईंसँग अदालतमा जाने र Protection From Abuse Act (दुर्व्यवहार सुरक्षा ऐन) (23 Pa.C.S. Ch. 61) बमोजिम घरेलु दुर्व्यवहारबाट सुरक्षा प्रदान गर्ने आदेश अनुरोध गर्दै निवेदन दायर गर्ने अधिकार हुन्छ । उक्त निवेदनमा निम्न आदेशहरू समेट्न सकिन्छ ।
    - दुर्व्यवहार गर्ने व्यक्तिलाई दुर्व्यवहारका थप कार्यहरू गर्नबाट रोक्ने आदेश; दुर्व्यवहार गर्ने व्यक्तिलाई तपाईंको घर छोड्न निर्देशन दिने आदेश; दुर्व्यवहार गर्ने व्यक्तिलाई तपाईंको निवास, विद्यालय, व्यवसाय वा रोजगारीको ठाउँमा प्रवेश गर्नबाट रोक्ने आदेश; तपाईं वा अर्को बुबा/आमालाई बच्चा वा बच्चाहरूको अस्थायी संरक्षणको जिम्मा लिन दिने वा अस्थायी रूपमा भेटघाट गर्न दिने आदेश; दुर्व्यवहार गर्ने व्यक्तिको कानुनी दायित्व छ भने, दुर्व्यवहार गर्ने व्यक्तिलाई तपाईं र नाबालिग बालबालिकालाई सहयोग भुक्तानी गर्न लगाउने आदेश ।

- तपाईं यौन हिंसा वा धम्कीबाट पीडित हुनुहुन्छ भने, तपाईंसँग Protection of Victims of Sexual Assault or Intimidation Act (यौन हिंसा वा धम्कीबाट पीडित व्यक्तिहरूको सुरक्षा गर्न बनेको ऐन) (42 Pa.C.S. Ch. 62A) बमोजिम अदालतमा जाने र यौन हिंसा संरक्षण आदेश (SVPO) अनुरोध गर्ने निवेदन दायर गर्ने अधिकार हुन्छ ।

**PA Crime Victims को वेबसाइट पहुँच गर्न**

**क्षतिपूर्तिको लागि आवेदन दिन**

**Google Play को PA Crime Victims** एप

**Apple को PA Crime Victims** एप

**तपाईंसँग इन्टरनेट सुविधाको पहुँच छैन भने, महत्त्वपूर्ण सम्पर्क जानकारीका लागि तल हेर्नुहोस्**

**महत्त्वपूर्ण स्थानीय सम्पर्क जानकारी - Dauphin County**

| | |
|---|---|
| **घरेलु हिंसाबाट पीडित** | |
| YWCA Greater Harrisburg | 800-654-1211 |
| **यौन हिंसाबाट पीडित** | |
| YWCA Greater Harrisburg | 800-654-1211 |
| **बाल दुर्व्यवहारबाट पीडित** | |
| UPMC Pinnacle Harrisburg | 717-782-6800 |
| **वृद्धका विरुद्धमा हुने दुर्व्यवहारबाट पीडित (वृद्धका विरुद्धमा हुने दुर्व्यवहारका लागि 24 घण्टे हटलाइन 800-490- 8505)** | |
| Dauphin काउन्टी पीडित/साक्षी सहायता कार्यक्रम | 1-888-292-9611 (टोल फ्री) |
| **हिंसात्मक अपराधबाट पीडित (हत्या सहित)** | |
| Dauphin काउन्टी पीडित/साक्षी सहायता कार्यक्रम | 1-888-292-9611 (टोल फ्री) |
| **मानव तस्करीबाट पीडित** | |
| YWCA Greater Harrisburg | 800-654-1211 |
| **County Victim/Witness Office (काउन्टी पीडित/साक्षी कार्यालय)** | |
| Dauphin काउन्टी पीडित/साक्षी सहायता कार्यालय | 1-888-292-9611 (टोल फ्री) |

**राज्यव्यापी सम्पर्कहरू**

**Address Confidentiality Program (ठेगाना गोपनीयता कार्यक्रम)**
Pennsylvania Office of the Victim Advocate (पीडितहरूको सहयोगका अधिवक्ताको कार्यालय, पेन्सलभेनिया) - 800-563-6399 वा www.ova.pa.gov

**अपराधी रिहाइ सूचना**
PA को राज्यव्यापी पीडित सूचना प्रणाली (PA-SAVIN) – 866-972-7284 वा www.pcv.pccd.pa.gov

**आर्थिक सहायता**
Victims Compensation Assistance Program (पीडित क्षतिपूर्ति सहायता कार्यक्रम) - 800-233-2339 वा www.dave.pa.gov

**Childline (चाइल्डलाइन)**
Pennsylvania Department of Human Services (मानव सेवा विभाग) – 800-932-0313 वा www.dhs.pa.gov/contact/Pages/Report-Abuse.aspx